बैठक मितिः २०८१/१२/१४
बैठक सङ्ख्याः ३६
छलफल तथा निर्णयः

१. लगानी बोर्डको कार्यालयको मिति २०८१/१०/२४ तथा च.नं. ४८३ को पत्रमार्फत प्रस्तावित सार्वजनिक निजी साझेदारी नीति, २०८१ को मस्यौदामा राय माग भइ आएकोमा आयोग बैठकमा छलफल हुँदा प्रस्तुत नीति दीर्घकालीन प्रभाव तथा दायित्व सिर्जना गर्ने प्रकृतिको भएको हुँदा यस सम्बन्धमा विस्तृत अध्ययन विश्लेषण तथा विद्यमान नीतिको समीक्षा गरी नेपाल सरकारको स्वीकृत नीति ढाँचा तथा नीति तर्जुमाको निर्धारित प्रक्रिया अवलम्बन गरेर मात्र नीति तर्जुमा गर्नुपर्ने व्यहोराको राय पठाउने।

२. लगानी बोर्डको कार्यालयको मिति २०८१/१०/२४ तथा च.नं. ४८३ को पत्रमार्फत सम्भाव्यता न्यून परिपूरक कोष स्थापना र सञ्चालन कार्यविधि, २०८१ को मस्यौदा उपर राय माग भइ आएकोमा आयोग बैठकमा छलफल हुँदा सम्भाव्यता न्यून परिपूरक कोष (Viability Gap Fund-VGF) को विषय सम्वेदनशील र दीर्घकालीन दायित्व सिर्जना गर्ने प्रकृतिको भएको हुँदा यसको सम्भावित वित्तीय सुशासन जोखिम (Fiduciary Risk) लगायतका विषयमा विस्तृत अध्ययन विश्लेषण गरी प्राप्त राय सुझाव सहितको प्रतिवेदनका आधारमा सम्बन्धित ऐन तथा नियमावलीमा नै समावेश गर्नुपर्ने र तत्पश्चात् मात्र VGF सम्बन्धी कोष सञ्चालनको प्रकृयाको लागि कार्यविधि निर्माणको निर्धारित प्रक्रिया अवलम्बन गरेर मात्र कार्यविधि तर्जुमा गर्नुपर्ने भनी राय पठाउने।

३. लगानी बोर्डको कार्यालयबाट प्रेषित (प.सं. २०८१/८२, च.नं. ४५४ मितिः २०८१/१०/२४) पत्रबाट जग्गा प्राप्ति कोष सञ्चालन निर्देशिका, २०८१ को मस्यौदा उपर सुझावको लागि अनुरोध भई आएकोमा छलफल हुँदा कोष सञ्चालन सम्बन्धी विषय दीर्घकालीन प्रभाव तथा दायित्व सिर्जना गर्ने प्रकृतिको भएको हुँदा यसको सम्भावित वित्तीय सुशासन जोखिम (Fiduciary Risk) तथा प्रतिष्ठा जोखिम (Reputational Risk) लगायत जग्गा प्राप्ति सम्बन्धी विद्यमान कानूनी प्रावधानका विषयमा समेत विस्तृत अध्ययन एवम् विश्लेषण गरेर मात्र यस प्रकृतिको विषयमा ऐन तथा नियमावलीमा व्यवस्था

गर्न उपयुक्त हुने र तत्पश्चात मात्र कोष सञ्चालनको प्रकृयागत सहजताका लागि कार्यविधि वा निर्देशिका तर्जुमा गर्न उपयुक्त हुने भनी राय पठाउने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ई-गभर्नेन्स बोर्ड, सिंहदरबार, काठमाडौंको च.नं. १३६, मिति २०८१/११/२ गतेको प्राप्त पत्रानुसार ई-गभर्नेन्स ब्लुप्रिन्टको मस्यौदालाई राय परामर्शका लागि लेखी आएकोमा उक्त मस्यौदामा राय परामर्श पठाउन सम्वद्ध पक्षबाट प्रस्तुत र आयोगको वैठकमा छलफल हुँदा उठेका विषयवस्तु समेटी निम्न राय परामर्श पठाउने।

(क) मस्यौदामा उद्देश्य स्पष्ट हुनुपर्ने,

(ख) रणनीतिक स्तम्भहरुमा स्पष्टता हुनुपर्ने,

(ग) संस्थागत दोहोरोपना र बहु निकायको औचित्यता स्पष्ट हुनुपर्ने,

(घ) अन्तरनिकाय समन्वयको व्यवस्थालाई स्पष्ट पार्नुपर्ने।